# स्थानीय तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) रणनीति तर्जुमासम्बन्धी
## प्रक्रियागत हाते पुस्तिका



GENDER EQUALITY AND SOCIAL INCLUSION

Process Handbook

# विषय-सूची


०१ पृष्ठभूमि १

०२ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमाको औचित्य ३

०३ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमाको कानुनी व्यवस्था ३

०४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमाका उद्देश्यहरू ५

०५ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमाका लागि पूर्व तयारी ६

०६ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमाका चरण ७

- ६.१ प्रथम चरण : स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई अभिमुखीकरण ८
- ६.२ दोस्रो चरण : तथ्याङ्क तथा सूचना सङ्कलन ८
- ६.३ तेस्रो चरणः स्थानीय तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अवस्थाको विश्लेषण १०
- ६.४ चौथो चरणः नीति, रणनीति तथा कार्यनीति तर्जुमासम्बन्धी कार्यशाला १२
- ६.५ पाँचौँ चरण : स्थानीय तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको पुस्तिका तयारी १३
- ६.६ छैटौँ चरणः कार्य योजनाको कार्यान्वयन १४
- ६.७ सातौँ चरणः नीति, रणनीति तथा कार्यनीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन १६

०७ स्थानीय तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति तर्जुमाबाट प्राप्त हुने उपलब्धि १७

# ०१ पृष्ठभूमि

नेपालको संविधानले नेपालमा विभेदरहित, समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण हुनुपर्ने व्यवस्था गरेको छ । यसका साथै लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा सामाजिक न्यायका क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू पूरा गर्न लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था पनि गरेको छ । संविधानको प्रस्तावनामा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधताबिचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरिएको छ ।

संविधानले व्यवस्था गरेअनुरूप सबै नागरिकलाई कानुनका दृष्टिमा समानताको हक प्रदान गर्दै कसैलाई "उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा" भेदभाव गरिने छैन । यसै तथ्यलाई आत्मसात गरी लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैसमास) को मुद्दालाई बहुआयमिक मानी सबै सरकारी तथा गैरसरकारी क्षेत्रहरूमा अनिवार्य पालना गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । अतः लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्नका लागि विगतमा स्थानीय विकास मन्त्रालयले लैसमास नीति २०६६ तर्जुमा गरेको

थियो । यसैका आधारमा हालसम्म स्थानीय तहहरूले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मुद्दाहरूलाई सम्बोधन गर्दै आइरहेका छन् ।

यस सन्दर्भमा स्थानीय तहहरूले लैङ्गिक मैत्री समावेशी स्थानीय सरकार बनाउने परिकल्पना गरेका छन् । यसका लागि समुदायमा पछाडि पारिएका वा परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी, अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, एकल महिला र हिंसा पीडितहरूलाई समान सहभागिता, अग्रसरता र निर्णय प्रक्रियामा सहभागिताको भूमिकासहित लैससासमार्फत् सबैले आत्मसम्मान बोध हुने वातावरण निर्माण गर्नुपर्छ । यसका साथै स्थानीय तहमा गठन तथा सञ्चालन हुने समिति, संरचना र क्रियाकलापहरूलाई मूलप्रवाहीकरणका माध्यमबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पद्धतिलाई संस्थागत गर्न आवश्यक देखिएकाले "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति" तर्जुमा गर्न यो प्रक्रियागत पुस्तिका तयार पारिएको छ ।

## ०२ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमाको औचित्य

समाजमा रहेको विभेदका कारण पहुँच, स्रोत, सेवा, सूचना तथा निर्णायक भूमिकामा असर पर्ने गरेको छ। यसको फलस्वरूप सामाजिक संरचना नमिल्दो हुनुका साथै त्यहाँ उपलब्ध सेवा सुविधाको समान उपभोग पनि नहुने गरेको अवस्था छ। वर्गीय, जातीय, क्षेत्रीय, भाषिक र धार्मिक कारणले यो अवस्था सिर्जना भएको हो। यी विभेदहरूका विरुद्धमा नेपाल सरकारले कानुनी व्यवस्था गरी लागु गरेको छ। कानुनअनुसार यी विभेदहरू दण्डनीय छन्। तथापि, समुदायस्तरमा विभेदहरू व्याप्त रहेको अझै देख्न सकिन्छ। यिनै असमानताका अनेक अवस्थाहरूलाई स्थानीय तहबाट उचित सम्बोधन गर्न लैससास रणनीति तर्जुमाका लागि यो प्रक्रियागत पुस्तिका तयार गरिएको हो।

## ०३ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमाको कानुनी व्यवस्था

लैङ्गिक असमानता, सामाजिक बहिष्करण, भौगोलिक विभेदले जकडिएको समाजलाई समतामूलक ढङ्गबाट निर्माण गर्ने उद्देश्य नेपालको संविधान २०७२ ले लिएको छ। संविधानको धारा १६ ले सबै व्यक्तिहरूको सम्मानपूर्वक बाँच्ने हक, धारा १७ ले स्वतन्त्रताको हक, धारा १८ ले समानताको हक, ३८ ले महिलाको हक, धारा ४२ ले सामाजिक न्यायको हक, धारा ४३ ले आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिलालगायतलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक

सुनिश्चित गरेको छ। यसका साथै राज्यले नागरिकहरूका बिच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भनी कानुनी व्यवस्था गरेको छ। त्यस्तै, धारा ५१ (ञ) मा सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिको व्यवस्थाका साथै धारा ५२ ले राज्यले गर्नुपर्ने दायित्वको व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा २४ ले पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरमा विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत रूपमा मध्यकालीन तथा दीर्घकालीन योजना बनाई लागु गर्नुपर्ने कुरालाई कानुनी दायित्वका रूपमा व्यवस्था गरेको छ र सोही दफाको उपदफा (२) मा योजना बनाउँदा लैससासम्बन्धी अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने भनी उल्लेख गरेको छ।

तथापि, यसको कार्यान्वयन र जनस्तरमा यसप्रतिको चिन्तन अझै कमजोर रहेको पाइएकाले राष्ट्रिय ऐन तथा नियमहरू र अन्तर्राष्ट्रिय महासन्धि र अभ्यासहरूका आधारमा लैससास अभियानमा व्यापकता ल्याउने जमर्को भइरहेको छ। यसलाई स्थानीय तहहरूबाटै कार्यान्वयन गर्ने पहल सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले समेत गरेको छ। लैससास रणनीति तथा कार्यक्रमहरूलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न लैससास रणनीति २०६६, लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन २०६९, लैङ्गिक उत्तरदायी बजेट स्थानीयकरण रणनीति २०७२, स्थानीय तह लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७६ नमुना कानुन, र सामाजिक समावेशीकरण नीति, २०७६ समेत कार्यान्वयनमा ल्याई सोहीअनुरूप स्थानीय तहहरूलाई कार्यान्वयन गर्न र गराउन सहजीकरण गरिरहेको छ। बदलिँदो राजनीतिक परिस्थिति र संवैधानिक व्यवस्थाअनुरूप पालिकाको वार्षिक नीति तथा कार्यक्रमहरूले लैससासलाई प्रवर्धन गर्दै जाने नीति

तथा कार्यक्रमहरू तर्जुमा गर्ने अभ्यास, पालिकाले ऐन, नियम र कार्यविधि तथा मापदण्ड तर्जुमा गर्दा लैससासम्बन्धी संवेदनशील भएर बनाउने प्रयास, वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिक तथा समावेशी सहभागितालाई जोड दिँदै योजना तथा कार्यक्रमहरू तर्जुमा गर्न सहजीकरणका लागि यो प्रक्रियागत पुस्तिका तयार पारिएको छ।

## ०४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमाका उद्देश्यहरू

- स्थानीय तहहरूलाई संस्थागत एवम् कार्यक्रमगत रूपमा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील हुन अभिप्रेरित गर्न।
- संस्थागत एवम् कार्यक्रमगत रूपमा समावेश गर्ने गरी स्थानीय तहहरूको कार्यक्रम तथा आयोजनाहरूबाट लैङ्गिक तथा सामाजिक समावेशी उत्तरदायी अवधारणालाई सुनिश्चित एवं प्रभावकारी रूपमा लागु गर्न;
- महिला, बालबालिका, गरिब तथा वञ्चित समूहका मानिसहरूको आवश्यकता र चाहनाप्रति अझ बढी संवेदनशील, उत्तरदायी, जबाफदेही हुन सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्न,
- सरोकारवालाहरूलाई वार्षिक तथा आवधिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दा लैससासका विषयमा संवेदनशील, उत्तरदायी, जवाफदेही हुन अभिप्रेरित गर्न।

- स्थानीय जनता विशेष गरी महिला, बालबालिका, गरिब तथा वञ्चितीकरणमा परेका समूहका मानिसहरूको क्षमता विकास गरी विकास प्रक्रियामा यी वर्गको सक्रिय सहभागिता सुनिश्चित गरी समावेशी विकास प्रक्रियालाई संस्थागत गर्न।

## ०५ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमाका लागि पूर्व तयारी

लैससास नीति तर्जुमा तथा कार्यक्रमको कार्यान्वयनका लागि सर्वप्रथम पालिका तयार हुनु आवश्यक छ। नीतिगत सुधारअन्तर्गत लैससास नीति तर्जुमाका लागि पालिकाले आन्तरिक रूपमा प्रतिबद्धता व्यक्त गर्ने र स्रोतको सुनिश्चितता गर्न आवश्यक छ । त्यसका बावजुद रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि संस्थागत क्षमता विकास, प्रक्रियागत सुधार, जनशक्तिको क्षमता विकास तथा नवीनतम सोचको उपयोग गर्ने वातावरणको निर्माण गर्न जरुरी छ। यसै गरी लैससास नीति तर्जुमा र यसको कार्यान्वयन गर्ने तत्परताप्रतिको जनप्रतिनिधिहरुको इच्छाशक्ति पनि उत्तिकै आवश्यक रहन्छ।

# ०६ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमाका चरण

लैससास रणनीति तर्जुमा स्थानीय तहकै कर्मचारीहरूबाट अथवा तेस्रो पक्षका विज्ञ टोलीलाई परिचालन गरेर सम्पन्न गर्न सकिन्छ। यसलाई तर्जुमा गर्ने सिलसिलामा देहायका ७ चरणलाई अवलम्बन गर्दा विज्ञ टोलीलाई सहज हुन सक्छ।



## ६.१ प्रथम चरण : स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई अभिमुखीकरण

यस चरणमा लैससास रणनीति तर्जुमाका लागि स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी र सम्भव भएसम्म अन्य साझेदारहरूलाई समेत समावेश गराई एक दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्दछ । समावेशिताको सिद्धान्त र व्यवहार, लैङ्गिक समता र समानता, लैङ्गिक आवश्यकता, लैससासका कानुनी आधारहरू र सूचकका बारेमा तथा यसको तर्जुमा र कार्यान्वयनपश्चात् हुने उपलब्धिका बारेमा समेत विस्तृतमा छलफल गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

## ६.२ दोस्रो चरण : तथ्याङ्क तथा सूचना सङ्कलन

यस चरणमा लैससास रणनीति तर्जुमाका लागि स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी र सम्भव भएसम्म अन्य साझेदार संस्थाहरूबाट समेत तथ्याङ्क तथा सूचना सङ्कलन गर्नुपर्दछ। यसरी तथ्याङ्क तथा सूचना सङ्कलन गर्दा स्थानीय तह तथा स्थानीय तहका साझेदारहरूका योजना, वार्षिक नीति तथा कार्यक्रम, बजेट, विभिन्न समितिहरूमा भएको प्रतिनिधित्व, परियोजना कार्यान्वयन तहमा भइरहेको प्रतिनिधित्वका बारेमा विभिन्न माध्यम र स्रोतबाट तथ्याङ्क तथा सूचना सङ्कलन गर्नुपर्दछ। जसले, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी गरिएका सूचक तथा उपसूचकहरूलाई सम्बोधन गर्नुपर्दछ।

यसरी तथ्याङ्क सङ्कलन गर्दा सहभागितात्मक विधि अपनाउनुपर्दछ, जसले गर्दा सबै क्षेत्र र सबै वर्गको प्रतिनिधित्व हुन सकोस् । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी गरिएका देहायका सूचक तथा उपसूचकहरूमा तल दिइएको स्कोरलाई आधार मानी आफ्नो स्थानीय तहको काम र उपलब्धिका आधारमा स्कोर दिनुपर्दछ।

स्थानीय तहको काम र उपलब्धिका आधारमा दिईने स्कोर :

| क्र.स. | विषयगत क्षेत्र | पूर्णाङ्क |
|---|---|---|
| **१.** | **नीति कानुन र योजना** | **२०** |
| १.१ | नीति र कानुनमा समावेशिता सहभागिता अङ्गभार | ८ |
| १.२ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ |
| १.३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ |
| **२.** | **संस्थागत व्यवस्था** | **२०** |
| २.१ | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | ८ |
| २.२ | समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ |
| २.३ | वित व्यवस्थापन प्रणालीमा समावेशिता | ४ |
| २.४ | तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन | ४ |
| **३.** | **मानव संशाधन तथा क्षमता विकास** | **२०** |
| ३.१ | मानव संशाधन तथा क्षमता विकास | ८ |
| ३.२ | अनौपचारिक मूल्य मान्यता र कुसंस्कार विरुद्ध जनचेतना | ४ |
| ३.३ | कानुनी साक्षरता | ४ |
| ३.४ | विपद व्यवस्थापनमा समावेशिता | ४ |
| **४.** | **सेवा प्रवाह** | **२०** |
| ४.१ | पूर्वाधार विकास | ४ |
| ४.२ | प्रजनन स्वास्थ्य | ४ |

| क्र.स. | विषयगत क्षेत्र | पूर्णाङ्क |
|---|---|---|
| ४.३ | शिक्षा कार्यक्रम | ४ |
| ४.४ | खानेपानी तथा सरसफाइ | ४ |
| ४.५ | स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन | ४ |
| **५.** | **सुशासन तथा उत्तरदायित्व** | **२०** |
| ५.१ | सुशासन | ४ |
| ५.२ | उत्तरदायित्व र जवाफदेहिता | ४ |
| ५.३ | सूचना तथा सञ्चार | ४ |
| ५.४ | अनुगमन तथा मूल्याङ्कन | ४ |
| ५.५ | समन्वय र सम्बन्ध विस्तार | ४ |
| | **जम्मा** | **१००** |

## ६.३ **तेस्रो चरण:** स्थानीय तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अवस्थाको विश्लेषण

नेपाली समाजमा महिला, पुरुष र अन्य लिङ्गका आधारमा रहेको भिन्न सोचाइ तथा गराइ र विभिन्न वर्गहरूका बिचमा विद्यमान रहेको सामाजिक विभेदबाट सृजित फरक मूल्य मान्यताहरू जस्ता लैङ्गिक विभेद व्याप्त रहेको अवस्था छ । यस्तै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक आधारमा हुने विभेदहरूलाई न्यूनीकरण अथवा नियन्त्रण गर्न नेपाल सरकारले संविधान तथा अन्य कानुनी

व्यवस्थाका आधारमा गरेका प्रयासहरूलाई पालिकाले समेत आत्मसात गरी कार्यान्वयन गर्ने प्रयास गर्नुपर्दछ, यसका लागि प्राप्त तथाङ्को विश्लेषण गर्नुपर्ने हुन्छ । तथ्याङ्को विश्लेषणका लागि सङ्ख्यात्मक (Quantitative) तथा गुणात्मक (Qualitative) विधिहरू प्रयोग गर्न सकिन्छ। रणनीति तर्जुमाका सिलसिलामा सकअचु (SWOT) विश्लेषण अथवा समस्या तथा सम्भावना विश्लेषण गर्न सकिन्छ।

यसका अलावा लक्षित समूहहरूसँगको छलफल, अन्तर्वार्ता विधिहरूबाट समेत सङ्कलन भएका तथ्याङ्क तथा सूचनाहरूलाई परिमाणात्मक (Quantitative) तथा गुणात्मक (Qualitative) विधिहरू प्रयोग गरी विश्लेषण गर्न सकिन्छ । विश्लेषणबाट प्राप्त तथ्याङ्कलाई तलको तालिकाअनुसार प्रस्तुति गर्न सकिन्छ। साथै, स्पाइडरलगायतका विभिन्न चार्टहरूबाट समेत प्रस्तुति गर्न सकिन्छ।

| क्र.स. | विषयगत क्षेत्र | पूर्णाङ्क | प्राप्ताङ्क | प्राप्ताङ्क प्रतिशत | फरक | फरक प्रतिशत | समग्र नतिजा |
|---|---|---|---|---|---|---|---|
| १ | नीति कानुन र योजना | २० | | | | | |
| २ | संस्थागत व्यवस्था | २० | | | | | |
| ३ | मानव संसाधन तथा क्षमता विकास | २० | | | | | |
| ४ | सेवा प्रवाह | २० | | | | | |
| ५ | सुशासन तथा उतरदायित्व | २० | | | | | |
| | **जम्मा** | **१००** | | | | | |

नोटः लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विश्लेषणको अङ्क गणना

| प्राप्ताङ्क | ८० प्रतिशतभन्दा बढी | ६० देखि ७९ प्रतिशतसम्म | ४० देखि ५९ प्रतिशतसम्म | ४० प्रतिशतभन्दा कम |
|---|---|---|---|---|
| समग्र नतिजा | उत्कृष्ट | राम्रो | राम्रो | अति कमजोर |

## ६.४ **चौथो चरण:** नीति, रणनीति तथा कार्यनीति तर्जुमासम्बन्धी कार्यशाला

यस चरणमा स्थानीय तहको लैससास अवस्थाको विश्लेषणका आधारमा स्थानीय तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिका लागि दीर्घकालीन सोच, लक्ष्य, उद्देश्यहरू, नीति, रणनीति तथा कार्यनीतिहरूको तय गर्नुपर्ने हुन्छ। यसरी तय गर्दा सर्वप्रथम दीर्घकालीन सोच तयार पार्नुपर्दछ, जसले स्थानीय तह, प्रदेश र राष्ट्रिय स्तरका लागि तयार पारिएका दीर्घकालीन सोच, लक्ष र उद्देश्यहरूसँग तदाम्यता राख्ने गरी स्थानीय तहको लैससास रणनीतिका लागि दीर्घकालीन सोच, लक्ष्य, उद्देश्यहरू, नीति, रणनीति तथा कार्यनीतिहरू तय गर्नुपर्ने हुन्छ।

नीति तथा रणनीति तय गर्दा मूलप्रवाहीकरण; आर्थिक, सामाजिक र राजनीतिक समावेशीकरण तथा सशक्तीकरण: संस्थागत संरचना; सचेतना तथा क्षमता विकास; समन्वय, सहकार्य र सहजीकरण; सामाजिक संरक्षण र सुरक्षा; अनुगमन तथा मूल्याङ्कन र शासन प्रक्रियामा विभिन्न सामाजिक समूहको संस्थागत संयन्त्र; प्रतिनिधित्व प्रणाली र कार्यक्षेत्रगत सर्त निर्धारण जस्ता कुरालाई ध्यानमा राखेर गर्नुपर्दछ। यसका साथै पालिका तह, विषयगत समिति, स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, अनुगमन तथा सुपरीवेक्षण समिति, लेखा समिति, विधायन

समितिलगायत स्थानीय तहमा गठन गरिने सबै समितिहरूलगायत पालिकाको बजेट तथा कार्यक्रममा समेत कानुनअनुसार लैससासलाई प्राथमिकतामा राखिनुपर्छ र यी समितिहरू सञ्चालनका लागि आवश्यक नीतिहरूमा समेत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रमुख प्राथमिकतामा राखिनुपर्दछ ।

उपर्युक्त विषयहरूलाई सहभागितात्मक रूपले तय गरिसकेपश्चात् आगामी ३ वर्षका लागि कार्ययोजनासमेत बनाउनुपर्दछ । कार्ययोजनामा गतिविधि, जिम्मेवारी, अनुमानित लागत र समयसिमाको समेत उल्लेख गर्नुपर्दछ । समग्रमा यो प्रक्रिया सम्पन्न गर्नका लागि २ देखि ३ दिन सम्मको कार्यशाला सञ्चालन गर्नुपर्ने हुन्छ ।

## ६.५ पाँचौं चरण : स्थानीय तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको पुस्तिका तयारी

स्थानीय तहको लैससास रणनीतिका लागि दीर्घकालीन सोच, लक्ष्य, उद्देश्यहरू, नीति, रणनीति तथा कार्यनीतिहरू र ३ बर्से कार्ययोजनासमेत तय गरिसकेपश्चात् स्थानीय तहको लैससास रणनीतिको ड्राफ्ट प्रतिवेदन तयार पार्नुपर्ने हुन्छ । यसरी ड्राफ्ट प्रतिवेदन तयार पारिसकेपश्चात् पालिकाका जनप्रतिनिधि, कर्मचारी र अन्य सरोकारवालाहरूसमेतको उपस्थितिमा ड्राफ्ट प्रतिवेदनको प्रस्तुति गर्नुपर्छ । यसका साथै विभिन्न समूह बनाई छलफल गराउने र पृष्ठपोषण तथा टिप्पणीहरू सङ्कलन गरी अन्तिम प्रतिवेदन तयार पारेर सम्बन्धित शाखामा बुझाउनुपर्छ । यसरी प्राप्त भएको अन्तिम प्रतिवेदनलाई पालिकाको कार्यपालिकाबाट आवश्यक छलफलपश्चात् अनुमोदन गराउने र कार्यान्वयनमा लैजान आवश्यक वातावरण तयार पार्नुपर्छ ।

## ६.६ छैटौं चरण: कार्य योजनाको कार्यान्वयन

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्दिष्ट गरेका नीतिअनुरूप लैससासको कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न पालिकास्तरमा देहायबमोजिमको लैससास रणनीति कार्यान्वयनका लागि देहायअनुसारको समिति रहने छ।

- नगर/गाउँपालिका प्रमुख, संयोजक
- नगर/गाउँपालिका उप-प्रमुख, सदस्य
- प्रमुख प्रशासकीय अधिकृत, सदस्य
- संयोजक, सामाजिक विकास समिति, सदस्य
- सामुदायिक सङ्घ संस्थामध्येबाट संयोजकले तोकेका कम्तीमा दुई महिलासहित पाँच जना, सदस्य
- प्रमुख, सामाजिक विकास विभाग/शाखा, सदस्य सचिव

यसका साथै वडा कार्यालयले वडाका सबै जनसमुदायको खण्डीकृत तथ्याङ्क तथा सूचनाहरू राख्ने व्यवस्था गर्ने छन्। वडा कार्यालयले पालिकाको लैससास कार्यान्वयन समितिसँग सहकार्य गरी समुदायका महिला तथा पुरुषहरू एवम् विकास कार्यक्रमहरूको प्रगतिको खण्डीकृत तथ्याङ्क एवम् सूचना सङ्कलन गर्न नयाँ फारमहरू तयार गर्ने छ। यसले जातजाति, जनजाति, लिङ्ग र धर्मका आधारमा हुने विभेदहरू तथा वञ्चित समूहका कार्यक्रमहरूको फाइदाको पहुँचमा हुने कार्यक्रमको कार्यान्ववयन र अवरोधहरूको निरन्तर अनुगमन गर्ने छ। यसका लागि वडातहमा देहायको लैससास समितिको व्यवस्था गरिएको छ।

- वडा अध्यक्ष, संयोजक
- वडा सदस्य महिला, दलित र पिछडा वर्गबाट ३ जना, सदस्य
- वडा सचिव, सदस्य सचिव

यसरी गठित समितिको देहायबमोजिमको काम कर्तव्य र अधिकार रहने छ।

- लैससासलाई नगर/गाउँपालिका वडाको विकास कार्यक्रममा मूलप्रवाहीकरण गर्ने,
- सामाजिक समावेशीकरणको कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नेतृत्वदायी भूमिका निभाउने,
- नीति कार्यान्वयन गर्न आफ्नो जिम्मेवारी वहन गर्ने र अन्य निकायसँग कार्यगत समन्वय कायम गर्ने,
- नीति कार्यान्वयनसम्बन्धी अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने,
- महिला, बालबलिकालगायत वञ्चितीकरणमा परेका समुदायको खण्डीकृत तथ्याङ्क सङ्कलन एवं विश्लेषण गर्ने,
- आवधिक, वार्षिक, योजना तर्जुमा कार्यान्वयन बजेट बाँडफाट खर्चको लेखाजोखा, अनुगमन तथा मूल्याङ्कन प्रणाली सामाजिक समावेशीकरण मैत्री भए नभएको विश्लेषण गर्ने र सामाजिक समावेशीकरण उत्तरदायी बनाउन नियमित रूपमा सम्बन्धित पालिका र वडालाई सुझाव दिने,
- लैससाससम्बन्धी क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने र गराउने,

लैससास मूलप्रवाहीकरण र यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवाला र अधिकारमुखी संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने र गराउने,

- लैससास रणनीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमको समाधान गर्न आवश्यक व्यवस्था गर्ने,
- यी माथि उल्लिखित कार्यहरू गर्न कार्य योजना र बजेटसहित योजना बनाई कार्यान्वयन गर्ने र गराउने। पालिकास्तरीय समितिको बैठक सामान्यतया प्रत्येक चौमासिक रूपमा बस्ने छ। वडा स्तरीय समितिको बैठक प्रत्येक ६ महिनाको एकपटक बस्ने छ। आवश्यकताअनुसार समितिको बैठक जुनसुकैबेला पनि बस्न सक्ने छ।

## ६.७ सातौं चरण: नीति, रणनीति तथा कार्यनीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्न

पालिका तथा वडा र स्थानीय तहका साझेदार संस्थाहरूका नीति, कार्यक्रम, बजेट, योजना सोको कार्यान्वयनमा लैससासको कार्यान्वयनको अवस्था र सोको उपलब्धिका बारेमा लैससास समितिको नियमित अनुमगन, फलोअप तथा मूल्याङ्न गर्न जरुरी छ। यसका लागि नियमित, मासिक, त्रैमासिक, अर्द्धवार्षिक र वार्षिक रूपमा अनुगमन, फलोअप तथा मूल्याङ्न गर्नका लागि सुझाव दिइएको छ। साथै, अनुगमन, फलोअप तथा मूल्याङ्न प्रक्रियामा प्रतिफलमा आधारित अनुगमन पद्धतिलाई अनुशरण गरिने छ। यस प्रक्रियामा प्रतिफलमा आधारित अनुगमन पद्धतिबाट प्राप्त पृष्ठपोषणलाई कार्ययोजना बनाई कार्यन्वयन गर्नुपर्दछ। यस प्रक्रियामा आन्तरिक तथा बाह्य दुबै स्तरका विज्ञहरूलाई आवश्यकताअनुसार परिचालन गर्न सकिनेछ।

## ०७ स्थानीय तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति तर्जुमाबाट प्राप्त हुने उपलब्धि

- स्थानीय तहका नीति, कार्यक्रम, बजेट, तथा योजनाहरूमा लैससास रणनीतिले गर्दा समावेशी विकासको सम्भावनामा मद्दत पुग्ने ।
- पालिकाभित्र सबै प्रकारका असमानताको अन्त्य भई राज्यका सबै तह तथा निकायहरूमा सामाजिक समावेशी सिद्धान्तअनुरूप प्रतिनिधित्वको सुनिश्चितता भई महिलाको हक मौलिक हकका रूपमा प्रत्याभूति हुने ।
- लैससास रणनीतिले स्थानीय तहमा समावेशी विकास गर्न थप टेवा पुग्ने ।
- सरोकारवाला समूह, जनप्रतिनिधि एवं कर्मचारीमा लैससास बारेमा साझा बुझाइ हुने ।
- लैससास समावेशी परीक्षण प्रणालीले स्थानीय तहबिच समावेशी विकास अगाडि बढाउन थप प्रोत्साहन हुने ।
- स्थानीय तहको लैससास रणनीतिको तर्जुमा हुँदा आफ्नो निकायको अवस्था पहिचान गर्न मद्दत पुग्ने ।
- पालिकाभित्र बसोबास गर्ने महिला, आदिवासी जनजाति, दलित, अपाङ्ग र बालबालिका तथा पिछडिएको वर्ग तथा समुदायको खण्डीकृत तथ्याङ्क अद्यावधिक गर्न सहयोग हुने ।

जर्मन सहयोग
DEUTSCHE ZUSAMMENARBEIT
giz Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) GmbH

The Nepal-German Capacity Development Support to Governance (CDSG) Programme led by the Ministry of Federal Affairs and General Administration and supported by GIZ on behalf of BMZ.